आ.व.२०७४/७५ को दोस्रो बैठक

आज मिति २०७४ साल श्रावण महिनाको २१ गते आइतबारका दिन राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदी ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका को बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

तपसिल

उपस्थिति

- श्री नुमानन्द सुवेदी → अध्यक्ष
- श्री जगदम्बा कुमारी चौधरी → उपाध्यक्ष
- श्री टेक बहादुर कुमाल → सदस्य
- श्री वेद प्रसाद चौधरी → सदस्य
- श्री विष्णु बहादुर घर्ती क्षेत्री → सदस्य
- श्री कुमारी देवी डाँगी → सदस्य
- श्री जगत बहादुर थापा → सदस्य
- श्री विष्णु गुरुङ → सदस्य
- श्री तारबहादुर डि.सी. → सदस्य
- श्री गोकर्ण बहादुर राणामगर → सदस्य
- श्री गोवर्धन रावत → सदस्य
- श्री सियाशरण चौधरी → सदस्य
- श्री सुमित्रा मल्ल → सदस्य
- श्री ताराकुमारी चौधरी → सदस्य
- श्री चन्दर चौधरी → सदस्य
- श्री रिम बहादुर सुनारीमगर → सदस्य
- श्री संजिव परियार → सदस्य
- श्री तिलक बहादुर खड्का → सदस्य सचिव

**बैठकका कार्यसूचीहरु**

**कार्यसूची नं. १ :** विषयगत समितिका सदस्य तोक्ने ।

**कार्यसूची नं. २ :** गैर सरकारी संस्था दर्ता कार्यविधि तयार गर्ने ।

**कार्यसूची नं. ३ :** वडा कार्यालय स्थापना गर्ने ।

**कार्यसूची नं. ४ :** गै.स.स.हरुलाई कार्यक्रम संचालन अनुमतिका लागि मापदण्ड तयार गर्ने ।

**कार्यसूची नं. ५ :** विपदको समयमा रकम खर्च गर्ने ।

**कार्यसूची नं. ६ :** वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठकको संचालन गर्ने ।

**कार्यसूची नं. ७ :** गाउं कार्यपालिका कार्यालय संचालनको लागि संरचना निमार्ण गर्ने ।

Scanned with CamScanner

**निर्णय नं. १**

राप्ती गाउं कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ (१) बमोजिमका समितिहरुमा प्रत्येक समितिमा नियम १५(२) बमोजिम २/२ जना सदस्य रहने गरी देहायका सदस्यहरु तोक्ने ।

देहाय :

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति : सुनिता मल्ल र संजिव परियार ।

ख) आर्थिक विकास समिति : ताराकुमारी चौधरी र टेक बहादुर कुमाल ।

ग) सामाजिक विकास समिति : गोकर्ण बहादुर राणा र सुनिता मल्ल ।

घ) पूर्वाधार विकास समिति : रिम बहादुर सुनारी मगर र संजिव परियार ।

ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति : तारा कुमारी चौधरी र टेक बहादुर कुमाल ।

च) विधेयक समिति : चन्दर चौधरी र विष्णु गुरुङ्ग ।

**निर्णय नं. २**

गाउं पालिकामा दर्ता हुने गैर सरकारी संघ संस्थाहरुको दर्ता सम्वन्धी कार्यविधीको मसौदा तयार गरी कार्यपालिकामा पेश गर्न सामाजिक विकास समितिलाई निर्देशन गर्ने ।

**निर्णय नं. ३**

वडा नं. ९ को वडा कार्यालयको च.नं.११ मिति २०७४।४।२३ को पत्रसाथ प्राप्त सो वडाको वडा समितिको मिति २०७४।४।२३ को निर्णय समेतका आधारमा हाललाई उक्त वडाको देविकोटमा रहेको दुर्गा बहादुर खैकला मगरको घरको कोठाहरु प्रति कोठा मासिक रु ५००।- का दरले ३ वटा कोठाहरु भाडामा लिई अस्थायी रुपमा वडा कार्यालय संचालन गर्ने र वडा नं. ४ को च.नं. ८१ मिति २०७४।४।२९ को पत्र साथ प्राप्त सो वडाको वडा समितिको मिति २०७४।४।२८ को निर्णय समेतका आधारमा हाललाई अस्थायी रुपमा वडा कार्यालय स्थापना गर्न श्रीनारायण चोकलाई केन्द्र मानि सो को चार दिशामा रहेको १०० मिटर सम्मको दुरीलाई चार किल्ला तोकि नियमानुसार घर भाडामा लिएर कार्यालय संचालन गर्ने व्यवस्था गर्ने ।

**निर्णय नं. ४**

राप्ती गाउंपालिका क्षेत्रमा आफ्ना कार्यक्रमहरु संचालन गर्न अनुमति माग गर्ने सबै गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम संचालन गर्ने अनुमति प्रदान गर्न आयोजना परियोजना तथा कार्यक्रमहरुको अनुमति सम्वन्धी मापदण्ड बनाई कार्यान्वयन गर्न पूर्वाधार विकास समितिलाई

Scanned with CamScanner

अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. ५**

विगत लामो समयदेखी भईरहेको अविरल बर्षाका कारण यस गाउंपालिका क्षेत्रमा जुनकुनै समयमा राहत तथा उद्धारका कार्य गर्नुपर्ने अवस्था श्रृजना हुन सक्ने र हाल गाउं सभाको वैठक सम्पन्न भई नसकेका कारण वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत नभएको हुदा कार्यक्रम स्वीकृत भएपश्चात विपद् व्यवस्थापन कोषवाट खर्च लेखि नियमानुसार शोध भर्ना गर्ने गरी हाललाई आन्तरिक आम्दानी वापत प्राप्त नगद मौज्दातको रकम खर्च गर्ने ।

**निर्णय नं. ६**

विगत लामो समयदेखी भएको अविरल बर्षाका कारण यस गाउंपालिका क्षेत्रमा जुनकुनै समयमा प्रकोपका घटना घट्न सक्ने कुरालाई मध्यनजर गरी विपद् पूर्वको तयारी, विपद्को समयमा गरिने उद्धारको कार्य र विपद् पश्चात पुनस्थापना कार्यका लागि अपनाउनुपर्ने उपायहरुको बारेमा उचित निर्णय गरि कार्यान्वयन गर्न वातावरण तथा विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

नेपाल सरकारद्धारा मिति २०७३।११।२८ मा नेपाल राजपत्रमा प्रकाशित स्थानीय तहको संख्या, सिमाना र केन्द्र सम्वन्धी सूचना अनुसार हाल यस गाउं कार्यपालिकाको कार्यालय संचालन भईरहेका स्थानमा भवन अभावका कारण कार्यालय संचालनमा कठिनाई भएकोले कार्यालय परिसर भित्र रहेको महिला सामुदायिक भवनको डिजाईन बमोजिमको (आकारमा फरक हुन सक्ने) संरचना निर्माण कार्य अगाडि बढाउन गाउं कार्यपालिकाको कार्यालयलाई अनुमति प्रदान गर्ने ।

Scanned with CamScanner